# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः ८,** **संख्याः १,** **मितिः २०८१/०३/२५**


# भाग-१

# शितगंगा नगरपालिका

शितगंगा नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८१ सालको ऐन नं. १**

## शितगंगा नगरपालिकाको आर्थिक ऐन, २०८१

**शितगंगा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन ।**

**प्रस्तावना :** शितगंगा नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्थापन गर्न वाञ्छनीय भएकाले, **नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम शितगंगा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।**

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यो ऐनको नाम शितगंगा नगरपालिकाको आर्थिक ऐन, २०८१ रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण महिनाको १ गतेदेखि नगर क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषा र व्याख्या :-**

**(क) "नगरपालिका"** भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

**(ख) "सभा"** भन्नाले शितगंगा नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

**(ग) "प्रमुख"** भन्नाले शितगंगा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**(घ) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले शितगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३. **व्यवसाय रजिष्ट्रेशन दस्तुर :-** साना तथा मझौला व्यवसाय रजिष्ट्रेशन तथा त्यसको नवीकरण बापतको शुल्क अनुसूची १ बमोजिमको आधारमा लगाईने छ ।

४. **व्यवसाय कर :-** शितगंगा नगरपालिका क्षेत्र भित्र सञ्चालित उद्योग, व्यवसायहरुलाई व्यवसाय वा सेवाको प्रकृती र स्वरुपको आधारमा अनुसूची (२) बमोजिम व्यापार व्यवसायमा आधारित व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

५. **कृषि तथा पशुजन्य व्यवसाय कर :-** नगर क्षेत्र भित्र कृषि तथा पशुजन्य व्यवसायमा अनुसूची (३) बमोजिम कृषि तथा पशुजन्य व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

६. **भूमि कर (मालपोत)** : नगर क्षेत्रभित्र अनुसूची (४) बमोजिम भूमिकर (मालपोत) कर लगाईनेछ ।

७. **सम्पत्ती कर (घरधुरी कर)** : नगर क्षेत्र भित्र अनुसूची (५) बमोजिमको सम्पत्ती कर (घरधुरी कर) लगाईने छ ।

८. **साना सवारी साधन कर** : नगर क्षेत्र भित्र सञ्चालन हुने रिक्सा, अटो रिक्सा, ई-रिक्सा जस्ता सवारी साधनमा अनुसूची (६) बमोजिमको साना सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ ।

९. **घरबहाल कर** : नगरको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर, पसल, ग्यारेज, गोदाम टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा लिएकोमा अनुसुची (७) बमोजिमको घरजग्गा बहाल कर लगाईने र असुल उपर गरिनेछ ।

१०. **सिफारिस दस्तुर** : नगर तथा वडाहरुबाट विभिन्न सिफारिस उपलब्ध गराए बापत अनुसूची (८) बमोजिमको सिफारिस दस्तुर लगाईनेछ ।

११. **नाता प्रमाणित दस्तुर** : नगर तथा वडाहरुबाट नाता प्रमाणित गर्दा अनुसूची (९) बमोजिम नाता प्रमाणित दस्तुर लगाईनेछ ।

१२. **अन्य दस्तुर** : नगरबाट प्रदान गरिने विभिन्न अनुमती, सूचीकृत तथा अन्य विभिन्न सेवाहरु प्रदान गरेबापत अनुसूची १० बमोजिम दस्तुर लगाईनेछ ।

१३. **व्यक्तिगत घटना दर्ता दस्तुर** : नगरको क्षेत्रभित्र हुने व्यक्तिगत घटना दर्ता गर्दा अनुसूची (११) बमोजिमको दस्तुर लगाईनेछ ।

१४. **मनोरञ्जन कर** : नगरको क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (१२) बमोजिमको मनोरन्जन कर लगाईनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्य व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. **विज्ञापन कर** : नगरको क्षेत्राधिकार भित्र अनुसुची (१३) बमोजिमको विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।

१६. **पार्किङ्ग शुल्क :** नगरको क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची (१४) बमोजिमको पार्किङ्ग शुल्क लगाईनेछ ।

१७. **एफ.एम. रेडियो सञ्चालन शुल्क** : नगर क्षेत्र भित्र सञ्चालन भएका रेडियोहरुलाई अनुसूची (१५) बमोजिम शुल्क लगाईनेछ ।

१८. **वन, नदी तथा खानीजन्य श्रोत कर :** नगरको क्षेत्रभित्र नदी तथा खानीजन्य श्रोत संकलन तथा निकासी गरेबापत अनुसूची (१६) बमोजिमको नदी तथा खानीजन्य श्रोत उपयोग शुल्क तथा वनजन्य पदार्थको निकासीमा छुटपूर्जी शुल्क लगाईने छ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१९. **अन्य प्रशासनिक सेवा शुल्क** : अनुसूची (१७) बमोजिम प्रशासनिक सेवा शुल्क लगाईनेछ ।

२०. **दण्ड जरिवाना** : नगर क्षेत्रभित्र यस ऐन र प्रचलित कानुनको विपरीत हुनेगरी कार्य भए गरेको पाईएमा अनुसूची (१८) बमोजिम दण्ड जरिवाना लागाईनेछ ।

२१. **घर, भवन नक्सा पास र अभिलेख दस्तुर : नगर** क्षेत्रभित्र नयाँ निर्माण गरिने तथा निर्माण सम्पन्न भएका घर, भवन, टहरा आदीमा अनुसूची (१९) बमोजिमको नक्सापास तथा अभिलेख दस्तुर लगाइनेछ ।

२२. **अन्य कर** : नगर क्षेत्रभित्र उत्पादन भई नगर बाहिर निकासी हुने उत्पादित मालवस्तु, कवाड मालवस्तुमा अनुसूची २० बमोजिम कर संकलन गरिने छ र त्यसको ठेक्का प्रयोजनको लागि न्यूनतम कर आर्थिक ऐनमा निर्धारण भए अनुसार हुनेछ ।

२३. **प्रदुषण नियन्त्रण शुल्क** : नगर क्षेत्रभित्र सञ्चालन हुने र भएका प्रदुषण फैलाउने खालका क्षेत्रहरुबाट अनुसूची २१ बमोजिम प्रदुषण नियन्त्रण शुल्क लगाईनेछ ।

२४. **श्रोत उपयोग तर्फ** : नगर क्षेत्राधिकार भित्रका विभिन्न खोला तथा नदी क्षेत्रहरुबाट बिक्री हुने नदीजन्य पदार्थ न्यूनतम दर अनुसूची २२ अनुसार हुनेछ । खोला तथा नदीको हकमा आइईई प्रतिवेदन तथा राष्ट्रपति चुरे तराई  विकास संरक्षण समितिबाट परिमाण निर्धारण भए पश्चात न्यूनतम शुल्क संसोधन हुन सक्नेछ ।

२५. **नियम वा कार्यविधि बनाउन सक्ने :** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम,कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) विभिन्न अनुसूचीमा उल्लेख गरिएका कर, दस्तुर, सेवा शुल्क तथा दण्ड जरिवाना आदिमा कुनै शिर्षक छुटेको पाईएमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो शिर्षक थप गर्न तथा कर, दस्तुर र सेवा शुल्क निर्धारण गरि असुल उपर गर्न सक्नेछ ।

२६. **बाधा अड्काउ फुकाउ :** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा शितगंगा नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

२७. **खारेजी :** शितगंगा नगरपालिकमा मौजुदा कानुनका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन् ।

## चालु आ.व. २०८०/०८१ सँग तुलना गरी आगामी आ.व. २०८१/०८२ को लागि निर्धारण गरिएका कर तथा गैर करका दरहरु ।

### अनुसूची १
### व्यवसाय रजिष्ट्रेशन दस्तुर १४२५३

| सि.नं. | राजश्वको क्षेत्रहरु | चालु आ.व.को दर | प्रस्तावित दर आ.व. ०८१/०८२ | पुष्ट्याई |
|---|---|---|---|---|
| १ | निर्माण व्यवसायी नयाँ दर्ता | १५००० | २०००० | |
| २ | निर्माण व्यवसायी नविकरण असोज मसान्त सम्म | ५,००० | ५५०० | |
| ३ | निर्माण व्यवसायी नविकरण चैत्र मसान्त सम्म | ७,००० | ७५०० | चैत्र मसान्त पछी स्वत खारेज हुनेछ |
| ४ | व्यवसायको नामसारी | १,००० | १,००० | |
| ५ | व्यवसायको ठाउँ/स्थान परीवर्तन | १,००० | १,००० | |
| ६ | व्यवसायको पुँजी बृद्धि | १,००० | १,००० | |
| ७ | व्यवसायका नाम परीवर्तन | १,००० | १,००० | |
| ८ | घरेलु तथा साना उद्योग व्यवसाय दर्ता | १,५०० | १५०० | |
| ९ | घरेलु तथा साना उद्योग दर्ता | २५०० | २५०० | |
| १० | साना उद्योग व्यवसाय तथा फर्म नविकरण | २०० | २०० | |
| ११ | साना उद्योग व्यवसाय तथा फर्म खारेजी | १००० | १००० | |
| १२ | कृषक समुह दर्ता तथा नविकरण | ५०० | ५०० | |
| १३ | साना उद्योग व्यवसाय तथा फर्म खारेजी | १००० | १००० | |
| १४ | कृषि तथा पशुपंछी फर्म दर्ता तथा नविकरण | ५०० | ५०० | |
| १५ | निजी जग्गामा वन दर्ता | ० | ५००० | |
| १६ | निजी वन दर्ता नविकरण | ० | १००० | |
| १७ | निजी वन नामसारी | ० | २००० | |
| १८ | निजी वन पैदावार कटानी इजाजत | ० | १००० | |
| १९ | घरेलु तथा साना व्यावसाय नविकरण नगरेको १ वर्ष भित्रको जरिवाना | ६०० | ६०० | प्रदेश ऐन अनुसार |
| २० | घरेलु तथा साना उद्योग व्यवसाय नविकरण नगरेको प्रत्येक वर्षको लागि थप जरिवाना | २५०० | २५०० | प्रदेश ऐन अनुसार |

### अनुसूची २
### व्यवसाय कर (१४६११)

| | | | | |
|---|---|---|---|---|
| १ | एफ. एम. रेडियो व्यवसाय कर | २००० | २५०० | |
| २ | पुल हाउस | १००० | १००० | |
| ३ | ड्राईभिङ्ग सेन्टर | १२०० | १५०० | |
| ४ | ढुवानी सेवा | २५०० | २५०० | |
| ५ | लघु जलविद्युत १००० कि.वा. सम्मको अनुमती पत्र | २५०००० | ५००००० | |
| ६ | लघु जलविद्युत १००० कि.वा. सम्मको अनुमती पत्र नविकरण प्रत्येक वर्ष | १२५००० | १२५००० | |
| ७ | कपडा पसल/फेन्सी पसल (५ लाख सम्म पुँजी भएको) | १००० | १००० | |
| ८ | कपडा पसल/फेन्सी पसल (५ लाख भन्दा वढी पुँजी भएको) | २००० | २००० | |
| ९ | किराना पसल ( खुद्रा ) ५ लाख सम्म पुँजी भएको | ५०० | ५०० | |
| १० | किराना पसल ( खुद्रा ) ५ लाख भन्दा धेरै पुँजी भएको | ० | १००० | |
| ११ | औषधी पसल (फार्मेसी) | १५०० | २००० | |
| १२ | टेलरिङ्ग पसल | ५०० | ५०० | |
| १३ | व्युटी पार्लर | ५०० | ७५० | |
| १४ | हेयर कटिङ्ग सैलुन | ५०० | १००० | |
| १५ | सुनचाँदी पसल | २५०० | ५००० | |
| १६ | भाँडा पसल ५ लाख सम्म पुँजी भएको | १००० | १००० | |
| १७ | भाँडा पसल ५ लाख भन्दा धेरै पुँजी भएको | ० | २००० | |
| १८ | घडि रेडियो मोबाईल लगायत ईलेक्टोनिक्स मर्मत तथा विक्री पसल | १००० | १५०० | |
| १९ | फलफुल तथा तरकारी पसल | ५०० | ५०० | |
| २० | फोटोग्राफी, कलर ल्याब, आर्ट पसल | १००० | १००० | |
| २१ | स्टेशनरी तथा पुस्तक पसल ५ लाख सम्म पुँजी भएका | १००० | १००० | |
| २२ | स्टेशनरी तथा पुस्तक पसल ५ लाख भन्दा धेरै पुँजी भएका | ० | २००० | |
| २३ | फर्निसिङ पसल | १५०० | २००० | |
| २४ | माछामासु पसल (फ्रेस हाउस) | १००० | १००० | |
| २५ | मिठाई पसल | १००० | १००० | |
| २६ | किराना पसल (होलसेल) | २५०० | २५०० | |
| २७ | फोटोकपी कम्प्यूटर  फ्याक्स साईबर | १००० | १००० | |
| २८ | सवारी साधन, मेसिनरी औजार तथा अन्य पार्टपुर्जा बिक्री पसल | १५०० | १५०० | |
| २९ | सवारी साधन मर्मत तथा ग्यारेज | २००० | २००० | |
| ३० | निर्माण सामग्री,पेन्ट्स (हार्डवयर पसल) | २००० | २५०० | |
| ३१ | गिट्टी, बालुवा, ढुङ्गा बिक्री डिपो | २००० | २००० | |
| ३२ | मदिरा एवं पेय पदार्थ बिक्री (होलसेल पसल) | ३००० | ४००० | |
| ३३ | मदिर एवं पेय पदार्थ बिक्री (खुद्रा पसल) | १००० | १००० | |
| ३४ | श्रृङ्गार तथा उपहार बिक्री पसल | ५०० | ५०० | |
| ३५ | एग्रोभेट पसल | १००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सिरक डसना पसल | १००० | १००० | |
| ३७ | चिकित्सक, वकील, लेखापरीक्षक ईन्जिनियर लगायत अन्य पसामर्श सेवा | १००० | १००० | |
| ३८ | चस्मा पसल तथा मर्मत केन्द्र | ५०० | ५०० | |
| ३९ | निजी विद्यालय संचालन १-५ सम्म | ५००० | ५००० | |
| ४० | निजी विद्यालय संचालन १-८ सम्म | ० | ७५०० | |
| ४१ | निजी विद्यालय संचालन १-१२ सम्म | ० | १०००० | |
| ४२ | मेला पर्वमा राखिएको अस्थायी पसल(प्रति दिन) | २०० | २०० | |
| ४३ | एल.पि.ग्यास खुद्रा पसल | १५०० | १५०० | |
| ४४ | डिजल, पेट्रोल पम्प | १५००० | २०००० | |
| ४५ | होटल सामान्य | १००० | १००० | |
| ४६ | होटल ५ कोठा सम्मलाई | २००० | ३००० | |
| ४७ | होटल १ कोठा देखि १० कोठा सम्मलाई | ७००० | ८००० | |
| ४८ | होटल १० कोठा भन्दा वढी | २५००० | २५००० | |
| ४९ | रिसोर्ट/ कटेज आवासीय नभएको | २५०० | २५०० | |
| ५० | रिसोर्ट/ कटेज आवास सहित ५ कोठा सम्मलाई | ० | ३००० | |
| ५१ | रिसोर्ट/ कटेज आवास सहित १० कोठा सम्मलाई | ० | ८००० | |
| ५२ | रिसोर्ट/ कटेज आवास सहित १० कोठा भन्दा धेरै | ० | २५००० | |
| ५३ | स्वास्थ्य क्लिनिक ल्याव सहितको | २००० | ४००० | |
| ५४ | रेष्टुरेन्ट | १५०० | १५०० | |
| ५५ | सिमेन्ट उद्योग | ३००००० | ३००००० | |
| ५६ | क्रेसर उद्योग | १७५००० | २००००० | |
| ५७ | वासिङ्ग प्लान्ट | १००,००० | १२५००० | |
| ५८ | फर्निचर उद्योग | १२,००० | १२००० | |
| ५९ | ग्रिल उद्योग | १२००० | १२००० | |
| ६० | स मिल | १,००,००० | १००००० | |
| ६१ | जुत्ता चप्पल उद्योग | ५,००० | ५००० | |
| ६२ | छापाखाना | २,००० | २००० | |
| ६३ | ईट्टा टायल उद्योग | ५०,००० | ५०००० | |
| ६४ | दुध खरिद बिक्रि केन्द्र | १,००० | १५०० | |
| ६५ | कुटानी पिसानी पेलानी मिल | ५०० | ५०० | |
| ६६ | बेकरी, दालमोठ, बिस्कुट, चाउमिन, अगरबत्ती र मैनबत्ती उद्योग | १,००० | १००० | |
| ६७ | टेन्ट हाउस | ० | १५०० | |
| ६८ | तार जाली उद्योग | ० | १००००० | |
| ६९ | चार्जिङ स्टेशन | ० | ५००० | |
| ७० | घुम्ति पसल गाडिमा (प्रति महिना) | ० | १००० | अनुमती लिनुपर्ने |
| ७१ | घुम्ति पसल ठेलामा (प्रति महिना) | ० | ५०० | |
| ७२ | घुम्ति पसल हातमा (प्रति महिना) | ० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ७३ | व्यवसाय कर विलम्भ शुल्क १ वर्ष ढिला | ५०% | २५% | |
| ७४ | व्यवसाय कर विलम्भ शुल्क २ वर्ष ढिला | १००% | ५०% | |
| ७५ | व्यवसाय कर विलम्भ शुल्क ३ वर्ष ढिला | १००% | ७५% | |
| ७६ | व्यवसाय कर विलम्भ शुल्क ४ वर्ष भन्दा धेरै ढिला | १००% | १००% | |

**अनुसूची ३**
**कृषि तथा पशुजन्य व्यवसाय कर (११६३१)**

| | | | | |
|---|---|---|---|---|
| १ | कुखुराको ह्याचरी फर्म अण्डा उत्पादन गर्ने (५०० सम्मको संख्यामा) | १५००० | १०००० | |
| २ | कुखुराको ह्याचरी फर्म चल्ला उत्पादन गर्ने (५०० सम्मको संख्यामा) | | १५००० | |
| ३ | कुखुराको ह्याचरी फर्म अण्डा उत्पादन गर्ने (५०१ भन्दा बढीको संख्यामा) | २०,००० | २०००० | |
| ४ | कुखुराको ह्याचरी फर्म चल्ला उत्पादन गर्ने (५०१ भन्दा बढीको संख्यामा) | | २५००० | |
| ५ | कुखुरा पालन फर्म | १,००० | १००० | |
| ६ | बाख्रापालन फर्म | १,००० | १००० | |
| ७ | भैंसी तथा गाईपालन फर्म | १,००० | १००० | |
| ८ | सुङगुर/बंगुर पालन फार्म | ५०० | ५०० | |
| ९ | तरकारी तथा फलफुल फार्म | ५०० | ५०० | |
| १० | माछा पालन फार्म | ५०० | ५०० | |
| ११ | कृषि तथा पशुपंक्षी फर्म साना | ५०० | ५०० | |
| १२ | कृषि तथा पशुपंक्षी फर्म (ठुला) | १००० | १००० | |
| १३ | कृषि तथा पशुजन्य व्यवसाय कर १ वर्ष ढिला | | २५% | |
| १४ | कृषि तथा पशुजन्य व्यवसाय कर १ वर्ष भन्दा धेरै ढिला | | ५०% | |

**अनुसूची ४**
**भूमिकर मालपोत (११३१४)**

| | | | | |
|---|---|---|---|---|
| १ | वडा नं. २, ३, ४ र १२ प्रति रोपनी | ६ | ६ | |
| २ | वडा नं. १, ५, ६, ७, ८, ९, १०, ११, १३ र १४ मा प्रति रोपनी | ५ | ५ | |
| ३ | सबै क्षेत्रमा ७५ रोपनी भन्दा धेरै क्षेत्रफल भएको | ० | १० | |
| ४ | मालपोत विलम्व शुल्क १ वर्ष ढिला | १०% | १०% | प्रतिशतमा |
| ५ | मालपोत विलम्व शुल्का २ वर्ष ढिला | २०% | २०% | |
| ६ | मालपोत विलम्ब शुल्क ३ वर्ष ढिला | ३०% | ३०% | |
| ७ | मालपोत विलम्ब शुल्क ४ वर्ष ढिला | ४०% | ४०% | |
| ८ | मालपोत विलम्ब शुल्क ५ वर्ष ढिला | ५०% | ५०% | |
| ९ | मालपोत विलम्ब शुल्क ५ वर्ष भन्दा धेरै ढिला | ६०% | ६०% | |

**अनुसूची ५**

| | | | | |
|---|---|---|---|---|
| **सम्पत्ति कर, घरधुरी कर (११३१३)** | | | | |
| १ | खरको छानो भएको घरको कर | ५० | ५० | |
| २ | ढुंगा माटोको गारो टिनको छानो भएको घरको कर | १०० | १०० | |
| ३ | पक्की गारो टिनाको छानो भएको घरको कर | २०० | २०० | |
| ४ | पक्की घर १ तल्ले | ५०० | ५०० | |
| ५ | पक्की घर २ वा सो भन्दा धेरै तल्ला भएको घरको कर | १००० | १००० | |
| ६ | घरधुरी कर विलम्ब शुल्क ( कर रकमको आधारमा) | ५०% | ५०% | |
| **अनुसुची ६<br>साना सवारी साधन कर (सडकहरु रुट अनुमती ११४५१)** | | | | |
| १ | रुट इजाजत शुल्क रिक्सा | १००० | १००० | |
| २ | रुट इजाजत शुल्क अटो रिक्सा | २५०० | २५०० | |
| ३ | रुट इजाजत शुल्क ई रिक्सा | ५००० | ५००० | |
| ४ | रुट इजाजत नविकरण शुल्क रिक्सा | १२५ | १२५ | त्रैमाशिक |
| ५ | रुट इजाजत नविकरण शुल्क अटो रिक्सा | ३२५ | ३२५ | त्रैमाशिक |
| ६ | रुट इजाजत नविकरण शुल्क ई-रिक्सा | ६२५ | ६२५ | त्रैमाशिक |
| ७ | पटके शुल्क (फरक रुटको लागि) सिट क्षमताको आधारमा | १०% | १०% | प्रति महिना |
| **अनुसूची ७<br>घर बहाल कर (११३१७)** | | | | |
| १ | घर, बहाल, भवन, सटर, टहरा छप्पर, गोदाम आदी बहालकर | बहाल रकमको १० प्रतिशत | बहाल रकमको १० प्रतिशत | |
| २ | जग्गा बहाल कर | बहाल रकमको १० प्रतिशत | बहाल रकमको १० प्रतिशत | |
| ३ | जग्गा बहाल कर कृषि प्रयोजनको लागि | ० | बहाल रकमको ५ प्रतिशत | |
| **अनुसूची ८<br>सिफारिस दस्तुर (१४२४३)** | | | | |
| १ | नागरिकताको प्रमाणपत्रको (प्रतिलीपी समेत) | १०० | १०० | |
| २ | बिद्युत मिटर र धारा जडान | ५०० | ५०० | |
| ३ | पेन्सन पट्टा सिफारिस | ५०० | ५०० | |
| ४ | संघ संस्था दर्ता नाफा मुलक | १००० | १००० | |
| ५ | संघ संस्था दर्ता गैर नाफा मुलक | ५०० | ५०० | |
| ६ | घरबाटो/चारकिल्ला | २०० | २०० | |
| ७ | नामसारी कित्ताकाट | ३०० | ३०० | |
| ८ | चालचलन तथा जन्ममिति प्रमाणित | २०० | २०० | |
| ९ | अविवाहित र विवाहित प्रमाणित | ३०० | ३०० | |

| | | | | |
|---|---|---|---|---|
| १० | नावालक, दलित, आदीबासी, जनजाती, अल्पसंख्यक प्रमाणित | १०० | १०० | |
| ११ | भारत जाने सिफारिस | २०० | २०० | |
| १२ | सबैखाले सर्जमिन (मुचुल्का) नागरिकता बाहेक | ५०० | ५०० | |
| १३ | तमासुक प्रमाणीत | ० | ५०० | |
| १४ | काठ कटान, साल, खयर व्यवसायिक प्रयोजन प्रति रुख | २०० | २०० | |
| १५ | काट कटान अन्य काठ प्रति रुख | १०० | १०० | |
| १६ | हाल साविक सिफारिस | ५०० | ५०० | |
| १७ | कृषि कार्यक्रम सिफारिस | ५०० | ५०० | |
| १८ | कृषि तथा पशुपंछी फर्म दर्ता सिफारिस | ५०० | ५०० | |
| १९ | प्यानको लागी सिफारिस | ५०० | ५०० | |
| २० | भेटेनरी स्वास्थ्य प्रमाणीत सिफारिस (पन्छी जाती) | ० | ५ | |
| २१ | भेटेनरी स्वास्थ्य प्रमाणीत सिफारिस (बाखा जाती) | ० | १०० | प्रति गोटा |
| २२ | भेटेनरी स्वास्थ्य प्रमाणीत सिफारिस (गाई भैसि जाती) | ० | ३०० | |
| २३ | विमा दावी सिफारिस | ० | १०० | |
| २४ | अन्य सिफारिस अङग्रेजीमा | ५०० | ५०० | |
| २५ | अन्य सिफारिस नेपालीमा | २०० | २०० | |
| **अनुसूची ९<br>नाता प्रमाणित दस्तुर (१४२४५)** | | | | |
| १ | नाता प्रमाणित नेपालीमा | २०० | २०० | |
| २ | नाता प्रमाणित अंग्रेजीमा | ५०० | ५०० | |
| **अनुसूची १०<br>अन्य दस्तुर (दर्ता) १४२४९** | | | | |
| १ | क बर्गको संस्था सञ्चालन अनुमती तथा अध्यावधिक | ३०,००० | ३०,००० | |
| २ | ख बर्गको संस्था सञ्चालन अनुमती तथा अध्यावधिक | २५,००० | २५,००० | |
| ३ | ग बर्गको संस्था सञ्चालन अनुमती तथा अध्यावधिक | २०,००० | २०,००० | |
| ४ | घ बर्गको संस्था सञ्चालन अनुमती तथा अध्यावधिक | १५,००० | १५,००० | |
| ५ | सहकारी संस्थाहरु नया दर्ता | ५,००० | ५,००० | |
| ६ | सहकारी संस्था नविकरण | ३,००० | ३,००० | |
| ७ | रासायनिक मल विक्रेता अनुमती पत्र | ५०० | ५०० | |
| ८ | रासायनिक मल विक्रेता अनुमती नविकरण | ५०० | ५०० | |
| ९ | स्काभेटर सुचिकृत | २०००० | २०००० | |
| १० | जे.सि.बि. लोडर सुचिकृत | १५००० | १५००० | |
| ११ | पसल,परामर्श दाता,संघ सस्था तथा सप्लायर्स सचिकृत दस्तुर | १००० | १००० | |
| १२ | निर्माण व्यवसायी सुचिकृत | २००० | २००० | |

| | | | | |
|---|---|---|---|---|
| १३ | मेलमिलाप कर्ता सुचिकृत | १००० | १००० | |
| १४ | मेलमिलाप कर्ता दर्ता तथा नवीकरण | ५०० | ५०० | |
| १५ | मुल दर्ता दस्तुर | २,००० | २,००० | |
| १६ | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित ५० हजारसम्म | २०० | २०० | |
| १७ | आयस्रोत प्रमाणित ५१ हजार माथि ३ लाखसम्म | ५०० | ५०० | |
| १८ | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित ३ लाख माथि १० लाखसम्म | १००० | १००० | |
| १९ | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित १० लाख माथि २० लाखसम्म | २००० | २००० | |
| २० | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित २० लाखदेखि ५० लाख सम्म | ३००० | ३००० | |
| २१ | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित ५० लाख माथि १ करोडसम्म | ५००० | ५००० | |
| २२ | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित १ करोड माथिको मूल्याङ्कनमा | १०००० | १०००० | |
| २३ | न्यायिक समितिमा बिबाद दर्ता दस्तुर | १०० | १०० | |
| २४ | न्यायिक समितिमा प्रतिवाद दस्तुर | १०० | १०० | |
| २५ | अमिन दस्तुर (जग्गा छुट्याउन) | २००० | २००० | |
| २६ | कवाडी संकलन अनुमती | ५००० | ५००० | |
| २७ | जिवजन्तु हाडछाला संकलन अनुमती | ५००० | ५००० | |
| २८ | जडिबुटी संकलन अनुमती | ५००० | ५००० | |
| २९ | विमा कम्पनी सञ्चालन अनुमती तथा अध्यावधिक | ० | ५००० | |
| ३० | लेखापरीक्षक सुचिकृत | १००० | २००० | |
| ३१ | विषय विशेषज्ञ शिक्षक दर्ताको लागी आवेदन | १००० | १००० | |
| ३२ | थप तहको लागी विषय विशेषज्ञ शिक्षक दर्ताको लागी आवेदन | ५०० | ५०० | |
| | **अनुसूची ११ व्यक्तिगत घटना दर्ता दस्तुर (१४२४४)** | | | |
| १ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क | २०० | २०० | |
| २ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपी | ५०० | ५०० | |
| ३ | व्यक्तिगत घटना तथा नागरीक अभिलेख दर्ता किताव हेरेको | २०० | २०० | |
| ४ | परिचयपत्र विलम्ब दस्तुर | २०० | २०० | |
| ५ | परिचयपत्र प्रतिलिपी दस्तुर | ५०० | ५०० | |
| ६ | सामाजिक सुरक्षा परीचय पत्र प्रतिलिपि | १०० | १०० | |
| | **अनुसूची १२ मनोरञ्जन कर (११४७१)** | | | |
| १ | सिनेमा हल | २००० | २००० | |
| २ | मेला दस्तुर प्रति दिन | ३००० | ३००० | |
| ३ | केवल लाईन र अप्टिकल फाईबर | ६००० | ६००० | |

| सि.नं. | बिबरण | | | युनिट |
|---|---|---|---|---|
| **अनुसूची १३<br>विज्ञापनको कर (११४७२)** | | | | |
| १ | होडिङ्ग बोर्ड न्यूज साईन तथा अन्य ठुला बिद्युतिय बोर्डहरु (प्रति बर्ग फुट) | १०० | ५० | रुपैंयाँ |
| २ | भित्ते लेखन पटके (प्रति बर्ग फुट) | १० | १० | रुपैंयाँ |
| ३ | तुल ब्यानर पटके | १० | १० | रुपैयाँ |
| **अनुसूची १४<br>पार्किङ्ग शुल्क (११४५२)** | | | | |
| १ | बस, ट्रक, मिनिबस, आदीलाई दैनिक शुल्क | ३० | ३० | |
| २ | जिप कार भ्यान ट्रयाक्टर आदीलाई दैनिक | १५ | १५ | |
| ३ | मोटरसाईकल स्कुटीलाई दैनिक | ५ | ५ | |
| **अनुसूची १५<br>एफ.एम. रेडियो सञ्चालन शुल्क (११६१४)** | | | | |
| १ | एफ.एम. रेडियो दर्ता ईजाजत पत्र | २००० | २००० | |
| २ | एफ. एम. रेडियो दर्ता ईजाजत पत्र प्रतिलीपि | १००० | १००० | |
| **अनुसूची १६<br>वन,नदी तथा खानीजन्य श्रोत कर (१४२५३)** | | | | |
| १ | तराई क्षेत्रसंग सिमाना जोडिएको क्षेत्रको (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल) प्रति क्यू फिट ( मु.अ.कर) बाहेक | ८ | ८ | |
| २ | अन्य खोला तथा क्षेत्रको ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल प्रति क्यू फिट (मु. अ.कर बाहेक) | ६ | ६ | |
| ३ | माटो तराई क्षेत्र संग सिमाना जोडिएको | ३ | ३ | |
| ४ | माटो अन्य क्षेत्रको | १ | १ | |
| ५ | कु काठ प्रति क्यूफिट (छुट पुर्जि अगाडि) | ५ | ५ | |
| ६ | साल, खयर प्रति क्यूफिट ( छुट पुर्जि अगाडि) | ३० | ३० | |
| ७ | दाउरा प्रति चट्टा (कु काठ) निकाशि गर्दा | १००० | १००० | |
| ८ | दाउरा प्रति चट्टा (सालको) | १५०० | १५०० | |
| ९ | साधारण निर्माणमुखी खनिज पदार्थको खानी संचालन स्वीकृत | १०००० | १०००० | |
| १० | साधारण निर्माणमुखी खनीज पदार्थको खानी संचालन स्वीकृती नविकरण (प्रत्येक वर्ष) | १०००० | १०००० | |
| ११ | खोला क्षेत्र प्रभावित स्थानीयको लागि तराई क्षेत्र संग जोडिएको क्षेत्र को नदीजन्य पदार्थ रोयल्टी | ४ | ४ | प्रति क्यूफिट मुअकर बाहेक |
| १२ | खोला क्षेत्र प्रभावित स्थानीयको लागि पहाडि क्षेत्रमा नदीजन्य पदार्थ रोयल्टी | ३ | ३ | प्रति क्यूफिट मुअकर बाहेक |
| १३ | निजी वन पैदावार बिक्री शुल्क (बिक्री रकमको आधारमा) | ० | ५% | |
| साधारण निर्माणमुखि पदार्थकोको दर लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ । | | | | |
| **अनुसूची १७** | | | | |

| | | | | |
|---|---|---|---|---|
| **अन्य प्रशासनिक सेवा शुल्क (१४२२९)** | | | | |
| १ | टेण्डर फारम २० लाख सम्म | १००० | १००० | |
| २ | टेण्डर फारम २० लाख देखि २ करोड सम्म | ३००० | ३००० | |
| ३ | टेण्डर फारम २ करोड देखि ५ करोड सम्म | ५००० | ५००० | |
| ४ | प्रमाणपत्र प्रतिलिपि सबै प्रकारका | ५०० | ५०० | |
| ५ | लव्धाङक पत्र प्रतिलिपि कक्षा ८ | ५०० | ५०० | |
| ६ | निवेदन दस्तुर | १०० | १०० | |
| ७ | अधिकृत स्तर आवेदन दस्तुर | १००० | १००० | |
| ८ | सहायक स्तर (पाँचौ) | ७०० | ७०० | |
| ९ | सहायक स्तर (चौथो) | ६०० | ६०० | |
| १० | कार्यालय सहयोगी | ३०० | ३०० | |
| **अनुसूची १८<br>दण्ड जरिमाना (१४३१२)** | | | | |
| | **कसुरको बिबरण** | **पहिलो पटक** | **दोश्रो पटक** | **पुन दोहोऱ्याएमा** |
| १ | बजार अनुगमनको क्रममा व्यवसाय दर्ता नगरेको | ५०० | १००० | २००० |
| २ | वजार अनुगमनको क्रममा अनुमती भन्दा फरक कारोबार गरेमा | ५०० | १००० | |
| ३ | बजार अनुगमनको क्रममा म्याद नाघेको सामान बिक्रि गरेमा | १००० | २००० | कारोबार बन्द गर्ने |
| ४ | बजार अनुगमनको क्रममा अखाध्य सामग्री बिक्री गरेमा | ५००० | १०००० | कारोबार बन्द गर्ने |
| ५ | बजार अनुगमनको क्रममा होटलमा सामान्य फोहोर देखिएमा | सचेत | १००० | कारोबार बन्द गर्ने |
| ६ | होटलमा बढी फोहोर देखिएमा | ५०० | १००० | कारोबार बन्द गर्ने |
| ७ | वजार अनुगमनको क्रममा म्याद नाघेको औषधी ( औषधी पसलमा पाईएमा) | २००० | ५००० | कारोबार बन्द गर्ने |
| ८ | अनुमती बाहेक मनोद्धिपक औषधी पाईएमा | ५००० | कारोबार बन्द गरी कारवाहीको लागि लेखि पठाउने । | |
| ९ | अनुगमनको क्रममा अनुमती बिना खानी संचालन गरेको पाईएमा संचालकलाई | १०००० | २०००० | कारोबार बन्द गर्ने |
| १० | अनुगमनको क्रममा अनुमती बिना खोला र खानीमा जे.सि.बि. एक्साभेटर आदी चलाएमा | ५०००० | ६०००० | मेसिन जफत |
| ११ | अबैध रुपमा नदीजन्य र खानीजन्य पदार्थ ढुवानी गरेको पाईएमा | २०००० | ४०००० | गाडी जफत |
| १२ | अनुमती बिना खोला वा खानीमा निर्माणमुखि पदार्थ उत्खनन् गर्ने उदेश्यले प्रवेश गरेको पाईएमा | १०००० | १५००० | गाडी जफत |
| १३ | निकासी सहमती बिना सामुदायीकबाट काठ दाउरा खोटो संकलन तथा निकासी गरेमा | संकलित परिमाणको दोब्बर | प्रयोग भएका सवारी साधन जफत | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सहकारी संस्था नविकरण नगरेको | ० | ५०% | |
| १५ | अनुमती तथा अनुमती अध्यावधिक विना संस्था सञ्चालन गरेको विलम्व शुल्क (कर रकम को आधारमा) | ० | ५०% | |
| १६ | एफ एम रेडियो तथा अनलाईन मिडियाले नियम विपरीत कार्य गरेमा | १०००० | १०००० | |
| १७ | नदीजन्य पदार्थ ठेक्कामा संझौता विपरीत कार्य गरेमा | ४०००० | ६०००० | |
| १८ | विना अनुमती कवाड,जिवजन्तुका हाडछाला तथा जडिबुटी संकलन | ५००० | १०००० | जफत |
| १९ | खसि बोका तथा बाख्रा (स्त्री जातका) चोरि निकासी | २००० | २००० | प्रति गोटा |
| २० | रागा, भैसि चोरी निकासी | ५००० | ५००० | प्रति गोटा |
| २१ | कुखुरा चोरी निकासी | २००० | २००० | प्रति गाडि |
| २२ | खोला तथा नदी क्षेत्रमा करेन्ट तथा विस राखि माछा मारेको भेटिएमा | ५००० | १०००० | |
| २३ | रिक्सा,अटोरिक्सा,ई रिक्सा रुट अनुमती विना सञ्चालन गरेमा | निर्देशन गर्ने | ५००० | |
| २४ | रिक्सा,अटोरिक्सा,ई रिक्सा रुट अनुमती नविकरण विना सञ्चालन गरेमा | १००० | २००० | |
| २५ | रिक्सा,अटोरिक्सा,ई रिक्सा सिट क्षमता भन्दा धेरै यात्रु चढाएको पाईएमा | ५०० | १००० | १५०० |
| २६ | रिक्सा,अटोरिक्सा,ई रिक्सा तोकिएको भन्दा धेरै भडा असुल गरेको पाईएमा | ५०० | १००० | १५०० |
| २७ | अन्य जरिमाना ( मुल्याङकन रकम को आधारमा) | २०% | २०% | |

**अनुसूची १९**
**घर भवनको नक्सा पास/अभिलेख दस्तुर (१४२४२)**

| | | | | |
|---|---|---|---|---|
| १ | १००० वर्ग फिट भन्दा कम क्षेत्रफल भएको नयाँ घर निर्माण । | ७ | ७ | |
| २ | १००० वर्ग पिट भन्दा बढीको नयाँ निर्माण | ९ | ९ | |
| ३ | १००० वर्ग फिट भन्दा कम क्षेत्रफल भएको पुरानो | ५ | ६ | |
| ४ | १००० वर्ग फिट भन्द बढीको पुरानो | ६ | ८ | |
| ५ | कच्ची टिनको छानो लगाएको प्लाष्टर गरिएको एकमुष्ठ | २००० | २००० | |
| ६ | कच्ची टिनको छाना लगाएको | १००० | १००० | |
| ७ | नक्सा पास निवेदन | १०० | १०० | |
| ८ | नक्सा पास बुक | ५०० | ५०० | |
| ९ | सम्पन्न प्रतिवेदन (नापजाँच समेत) | १००० | १००० | |

**अनुसूची २०**
**अन्य कर (११६९१)**

| क) नगर क्षेत्र भित्र उत्पादन भई निकासी हुने मालवस्तुको निकासी कर | | | | |
|---|---|---|---|---|
| १ | उन ( प्राकृतिक, कृतिम, जगर ) | ५ | ५ | |
| २ | खोटो | १ | १ | |
| ३ | प्रचलित बन नियमावलीमा लेखिएका जडिबुटी | ० | प्रचलित ऐन बमोजिम | |
| ४ | स्लेट/बिछ्याउने ढुङ्गा | ८ | ८ | प्रति क्यू.फिट |
| ५ | सुर्तीको बण्डल, कतरन/नसल | १ | १ | प्रति. के.जि. |
| ६ | सालको बिया | १० | १० | प्रति. के.जि. |
| ७ | सल्लाको सिम्ठा | १० | १० | प्रति. के.जि. |
| ८ | पथ्थर कोईला | १० | १० | प्रति. के.जि. |
| ९ | काँचो छाला ठुलो | ५० | ५० | प्रति. गोटा |
| १० | काँचो छाला सानो | ३० | ३० | प्रति. गोटा |
| ११ | हाड | ५ | ५ | प्रति. के.जि. |
| १२ | सिंङ | ५ | ५ | प्रति. के.जि. |
| १३ | खुर | ५ | ५ | प्रति. के.जि. |
| १४ | लोरा सिलौटा | ५० | ५० | प्रति गोटा |
| १५ | दालचिनी बोका | ५ | ५ | प्रति के.जि |
| १६ | दालचिनी पत्ता | ५ | २ | प्रति के.जि |
| १७ | खसिबोका निकासी (प्रति गोटा) | १०० | १०० | २ भन्दा बढिको निकासीमा |
| १८ | कुखुरा ( ब्रोईलर, लोकल ) | ५०० | ५०० | प्रति गाडि |
| १९ | बाखा (स्त्री जातका) | २०० | २०० | २ भन्दा बढिको निकासीमा |
| २० | रांगा/भैंसी निकासी | ५०० | ५०० | प्रति गोटा |

**ख) नगर क्षेत्र भित्र संकलन भई बिक्री हुने कवाड मालबस्तुको निकासी कर**

| सि.नं. | बिबरण | इकाई | दर | रकम युनिट |
|---|---|---|---|---|
| १ | बियर बोत्तल | प्रतिगोटा | १ | रुपैयाँ |
| २ | खाली सि.सि. ( मदिरा र अन्य ) ५०० एम.एल भन्दा माथि | प्रतिगोटा | ५० | पैसा |
| ३ | खाली सि.सि. (मदिरा र अन्य) ५०० एम.एल भन्दा तल | प्रतिगोटा | २५ | पैसा |
| ४ | प्लाष्टिक ( बोत्तल भाँडाकुडा पुराना जुत्ता चप्पल ग्यालेन जर्किन आदी ( | प्रति के.जि. | १ | रुपैयाँ |
| ५ | खाली बोरा ५० केजि. खाद्यान्य अटाउने प्लाष्टिक बोरा | प्रतिगोटा | २५ | पैसा |
| ६ | खाली बोरा ५० केजि. खादान्य अटाउने जुटको बोरा | प्रगिोटा | २५ | पैसा |
| ७ | खाली बोरा १०० के.जि खाद्यान्य अटने जुटको बोरा | प्रतिगोटा | ५० | पैसा |
| ८ | तेलको टिना ( १० लि. भन्दा बढी अटने | प्रतिगोटा | २ | रुपैयाँ |
| ९ | तेलको टिना ( १० लि. भन्दा घटी अटने | प्रतिगोटा | १ | रुपैंयाँ |
| १० | उन गार्मेन्टको टुक्रा | प्रति के.जि. | २ | रुपैंयाँ |

| | | | | |
|---|---|---|---|---|
| ११ | जलेको मोबिल | प्रतिलिटर | १ | रुपैयाँ |
| १२ | टायर ट्यूब | प्रति केजि. | २ | रुपैयाँ |
| १३ | थोत्रो टिना | प्रति के.जि. | ५० | पैसा |
| १४ | पुरानो ड्रम | प्रति के.जि. | ५० | पैसा |
| १५ | पुरानो कागज (अखवार, कार्टुन तथा अन्य) | प्रति के.जि. | १ | रुपैयाँ |
| १६ | फलामको टुक्रा | प्रति के.जि. | २ | रुपैयाँ |
| १७ | अन्य धातु ( पित्तल तामा आदी ) | प्रति के.जि. | ४ | रुपैयाँ |
| १८ | थोत्रिएर काम नलाग्ने मेसिनरी औजार | प्रति के.जि. | २ | रुपैयाँ |
| **अनुसूची २१<br>प्रदुषण नियन्त्रण शुल्क (१४५२१)** | | | | |
| १ | सिमेन्ट उद्योग, बातावरण शुल्क | १०५०००० | १०५०००० | |
| २ | चुनढुङगा डम्पिङ, बातावरण शुल्क | ० | १००००० | |
| **अनुसूची २२<br>श्रोत उपयोग कर** | | | | |
| १ | भंगाला खोला | १०००००० | ५५०००० | |
| २ | राप्ती नदी सिमाना क्षेत्र | ६०००००० | २९००००० | |
| ३ | राप्ती नदी पल्टेडाँडा क्षेत्र | | ३६००००० | |
| ४ | गुडुङ्ग खोला सिमाना क्षेत्र | ५०००००० | १३००००० | |
| ५ | गुडुङ्ग खोला फायरिङ क्षेत्र | | १८००००० | |
| ६ | खयरभट्टी खोला रातापहेरा क्षेत्र | ४०००००० | १८००००० | |
| ७ | खयरभट्टी खोला दुमहीघाट क्षेत्र | | १३००००० | |
| ८ | सिलिङ्गखोला | ५००००० | १०००००० | |
| ९ | बहबेल खोला शि.न.पा. ११ | ५००००० | ७००००० | |
| १० | सुकवेल खोला शि.न.पा. ११ | ५००००० | ७००००० | |
| ११ | राङसिङ खोला तिनखण्डे पुच्छारको क्षेत्र | ५०००००० | ९००००० | |
| १२ | राङसिङ खोला केराबारी क्षेत्र | | २६००००० | |
| १३ | राङसिङ खोला खारघाट गाँउको क्षेत्र | | २५००००० | |
| १४ | लामाताल क्षेत्र | ५००००० | १८००००० | |
| १५ | कोन्द्रे खोला शि.न.पा. १२ | ३०००००० | २३५०००० | |
| १६ | चोर खोला | ९००००० | ९००००० | |
| १७ | सुरही गनेरी खोला | ४००००० | ४००००० | |
| १८ | वाणगंगा खोला | ३०००००० | ३०००००० | |
| १९ | खोरमोर खोला | १३००००० | १०००००० | |
| २० | गंगा खोला | २००००० | ४५००००० | |
| २१ | झिमरुक नदी | २००००० | ६००००० | |
| | **जम्मा** | **३२००००००** | **३१००००००** | |
| नोट : उल्लेखित अनुमान आई.ई.ई. को प्रतिबेदन तथा राष्ट्रपति चुरे तराई विकास संरक्षण समितिबाट परिमाण कायम भए पश्चात सोका आधारमा न्यूनतम अंकमा संशोधन हुन सक्नेछ । | | | | |
| **नगर क्षेत्र भित्र उत्पादन तथा कवाड मालवस्तुको न्यूनतम दर** | | | | |
| **सि.नं.** | **कर बिबरण** | **चालु आ.व.को ठे . रकम** | **आ.व. ०८१/०८२ को प्रस्तावित** | **कैफियत** |

| | | | | |
|---|---|---|---|---|
| १ | अन्य कर (नगर क्षेत्र भित्र उत्पादन जडिबुटी वस्तुको निकासी कर सबै नाका) ( काठ निकासी बाहेक) | २००००० | २००००० | |
| २ | अन्य कर (कवाडी कर) | १००००० | १५०००० | |
| ३ | विज्ञापन कर | १००००० | १००००० | |

**प्रमाणीकरण मितिः २०८१/०३/२५**

**आज्ञाले,**
**अर्जुन शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत ।**